# बेलबारी नगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९

प्रमाणीकरण मिति २०७९।०५।१७

बेलबारी नगरपालिका

## नगरपालिकाको कार्यालय

बेलबारी, मोरङ प्रदेश नं १

# विषय सुची


लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९ ......... १

१ पृष्ठभूमि ......... १

२. नाम र प्रारम्भः यस रणनीतिको नाम: ......... २

३. परिभाषाः ......... ३

४. गाउँपालिका / नगरपालिका तथा उप /महानगर को संक्षिप्त परिचय: ......... ६

५. दीर्घकालिन सोच : ......... ८

६. लैससास रणनीतिको औचित्यताः ......... ८

७. उद्देश्य : ......... ९

८. नीति ......... १०

९. रणनीति ......... १०

९.१ मूलप्रवाहिकरणः ......... १०

९.२ सशक्तिकरणः ......... ११

९.३ क्षमता बिकासः ......... ११

९.४ समन्वय, सहकार्य र सहजीकरणः ......... ११

९.५ अनुगमन तथा मूल्यांकनः ......... ११

१०. कार्यनीति ......... १२

१०.१ कार्यनीति (रणनीति ९.१ सगं सम्बन्धित) ......... १२

१०.२ कार्यनीति (रणनीति ९.२ संग सम्बन्धित) ......... १३

१०.३ कार्यनीति (रणनीति ९.३ संग सम्बन्धित) ......... १९

१०.४ कार्यनीति (रणनीति ९.४ संग सम्बन्धित) ......... २०

१०.५ कार्यनीति (रणनीति ९.५ संग सम्बन्धित) ......... २२

११. रणनीति पुनरावलोकन तथा सुधार ......... २३

१२. बाधा अडचन फुकाउने ......... २३

१३. अवस्था विश्लेषण (SWOT) ......... २३

१४. सरोकारवाला पहिचान ......... ३०

१४.१ सरोकारवाला निकायहरुको पहिँचान गरिएको सुची भेन डायग्रामद्धारा प्रस्तुतीः ......... ३१

१५. लक्षितवर्ग पहिचान प्राथमिकिकरण र सवाल पहिँचान: ......... ३१

१६.वित्त व्यवस्थापन ......... ३४

१७. कानूनी व्यवस्था ......... ३५

१८. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व ......... ३५

१९. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु ......... ३६

१९.१ संभाव्य जोखीम ......... ३६

१९.२ जोखीम न्यूनीकरणका उपायहरु ......... ३६

# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९

## १ पृष्ठभूमि

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को मूलप्रवाहीकरण नीति, कार्यक्रम, रणनीति र प्रशासनिक, वित्तीय वा आर्थिक क्रियाकलापहरूमा महिला, पुरुष तथा सीमान्तीकृत समुदायका चासो र आवश्यकताहरू पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो। यसले लैससाससँग सम्बन्धित विभिन्न अनुभवहरुलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गरिने योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकनको अभिन्न अंगको रुपमा स्थापित गर्ने एउटा प्रक्रिया हो। यो प्रक्रियाले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गराउँदछ। नेपाल सरकारको विकासका सूचकहरुको प्राप्तिका निम्ति लैससासको मुलप्रभाविकरण नेपालको संविधानको प्रस्तावनमानै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। सीमान्तीकृत समुदायले भोग्नु परेको इतिहास वा विगतमा भएका क्षतिलाई संवोधन गर्न र लिंग तथा जात, जातियतामा आधारित भेदभावलाई निषेध गर्नु यसका सकारात्मक प्रावधानहरू हुन्। पन्ध्रौं पन्च वर्षीय योजनाले सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रहरूमा महिलाहरूको समान र अर्थपूर्ण सहभागिता हासिल गर्ने लक्ष्य राख्दै नेपालको लैङ्गिक विकास सूचकांकलाई ०.९२५ बाट ०.९६३ पुऱ्याउने अपेक्षा राखेको छ।

समानताको हकले नागरिकहरु, सामाजिक र सांस्कृकित रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ। सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ। यसरीनै स्थानीय

सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरुको व्यवस्था गरेको छ।

(क) गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धि व्यवस्था गरेको।

(ख) वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको।

(ग) स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवद्र्घन गर्ने व्यवस्था गरिएको। त्यसैले, संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ। यसरीनै लैससासका मुद्दाहरूलाई केन्द्रिय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्धार संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समाबेशी विकासलाई प्रबद्धधन गरी यसको मूलप्रवाहीकरण गर्न यो रणनीति तयार गरिएको हो।

## २. नाम र प्रारम्भः यस रणनीतिको नामः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९ रहनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ।

## ३ परिभाषाः

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा :

क) **"रणनीति"** भन्नाले लैगिक समानता तथा समाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७९ सम्झनु पर्दछ।

ख) **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालीका र जिल्ला समन्वय समिति सम्झनु पर्छ।

ग) **"नगरपालीका"** भन्नाले महानगरपालीका, उपमहानगरपालीका र नगरपालीका सम्झनु पर्छ।

घ) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ।

ङ) **"योजना"** भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ।

च) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागगराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपगोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

छ) **"सामाजिक समावेशी सम्पर्क व्यक्ति"** भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

ज) **"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ।

झ) **"विकास साझेदार"** भन्नाले नेपाल सरकारसंग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्रविधिक सहयोग उपलब्ध गराउने द्धिपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तरतष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ।

ञ) **"टोल विकास संस्था"** भन्नाले ऐनको दफा १२ (२) क बमोजिम सामाजिक परिचालक को अवधारणाबमोजिम गठन हुने समूह सम्झने पर्छ।

ट) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ।

ठ) **"सामुदायिक संस्था"** भन्नाले जनचेतनासम्वन्धी तालिम, अभिमुखिकरण, सिप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरु आधारित संस्था सम्झनु पर्छ।

ड) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

ढ) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया हो।

ण) **"बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक,लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवं दुर्गम क्षेत्रमा बसोवास गर्ने नागरिकहरुलाई सम्झनु पर्दछ।

त) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।

थ) **"सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

द) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ।

ध) **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

न) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।

प) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।

फ) **"लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्छ।

ब) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।

भ) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ।

म) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

य) **“लैङ्गिक उत्तरदायी बजेट”** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउंदछ।

र) **“सामाजिक वञ्चितीकरणमा परेका समूहहरू”** भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई बुझाउंदछ।

ल) **“लैङ्गिक प्रभाव विष्लेषण“** भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

व) **“सशक्तिकरण“** भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ।

श) **“खण्डीकृत तथ्याङ्क“** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई. भि.संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ।

ष) **CEDAW** : (Convention on the Elimination of All Forms of Discrimination Against Women) भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ लाई जनाउछ।

स) **CRC** भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन १९८९ लाई जनाउछ।

ह) **BPFA** भन्नाले बेइजिङ कार्ययोजना ( Beijing Platform of Action) सन १९९५ लाई जनाउछ।

## ४. गाउँपालिका/नगरपालिका तथा उप /महानगर को संक्षिप्त परिचय:

बेलबारी नगरपालिका मोरङ जिल्लाको बिन्दुमा अवस्थित जिल्लाको १७ वटा स्थानीय तहहरु मध्येको एक हो। यो बेलबारी नगरपालिका मोरङ जिल्लाको सदरमुकाम विराटनगर देखि ३३ कि.मी. को दुरीमा पूर्वि/ पश्चिम / उत्तर/ दक्षिण भेगमा रहेको छ। यस पालिकाको पूर्वमा लेटाङ नगरपालिका, र कानेपोखरी गाउँपालिका, पश्चिममा सुन्दरहरैचा नगरपालिका र ग्रामथान गाउँपालिका, उत्तरमा लेटाङ नगरपालिका र केराबारी गाउँपालिका तथा दक्षिणमा रंगेली नगरपालिकासंग सिमाना

जोडीएको छ। प्रशासनिक हिसावले जम्मा ११ वटा वडामा विभाजित यस पालिकाको केन्द्र वडा नं. १ मा रहेको छ।

समुन्द्र सतहबाट ११२ मिटर देखि १६६ मिटर सम्मको उचाईमा अवस्थित यो नगरपालिका १३२.७९ बर्ग मिटरको क्षेत्रफलमा फैलिएको छ। यस पालिकाको कूल जमिन मध्ये ६६.२ प्रतिशत जमिनमा खेती गरिन्छ भने २७ प्रतिशत जमिन बनजंगल तथा चरण क्षेत्रले ढाकेको छ। ०.५६ प्रतिशत जमिन घाँसे मैदानले ओगटेको छ।

बेलबारी नगरपालिका नगर पाश्वचित्र, २०७५ अनुसार बेलबारी नगरपालिकाको कूल घरपरिवार १७२२४ रहेको र कूल जनसंख्या ६९,४९८ रहेको छ। कूल जनसंख्या मध्ये महिला ३७,७०९ (५४.२५ प्रतिशत) र पुरुष ३१,७८९ (४५.७४) जना रहेको पाइन्छ। औषत घरपरिवारको आकार ४.०३ छ र लैंगिक अनुपात ८२.०४ छ। जनसंख्या बृद्धिदर १.३६ रहेको छ। यस पालिकाको जनघनत्व १८०.२२ प्रति बर्ग किलोमीटर रहेको छ।क्षेत्री  जातीको बाहुल्यता रहेको यस नगरपालिकामा सबै जातजातीको मिश्रित बसोबास रहेको छ । कूल जनसंख्या मध्ये क्षेत्री २१.९१, राई १०.९१, ब्राह्मण ९.९५, थारु ८.९७, खवास ४.९२, लिम्बु ४.८३, राजवंशी ४.६६, धिमाल ४.५८, तामाङ ४.४८, नेबार ३.२३, कामी ३.१९, गुरुङ २.६६, मगर २.६४, दमाई/ढोली २.०६, मुसहर १.०३, माझी १.०१, अन्य ८.१४ प्रतिशतको बसोबास रहेको छ। उमेर समूहको तथ्यांक हेर्दा १९ बर्ष भन्दा कम उमेरका बालबालिकाको संख्या ३६.०० प्रतिशत रहेको छ। जसमध्ये बालक संख्या १२६१० जना र बालिका संख्या १२४१४ जना छन। कूल जनसंख्या मध्ये आर्थिक हिसावले सक्रिय १५ देखि ५९ बर्षको उमेर समूहका संख्या ६१.५८ प्रतिशत रहेको छ।

यो बेलबारी नगरपालिकामा मुख्य गरी क्षेत्री को बाहुल्यता रहे पनि गुरुङ, दलित र बाहुन, ठकुरी लगायत अन्य जातजातीको समेत बसोवास रहेको छ। कृषिलाई मुख्य पेशा मानिएता पनि मौषमी रुपमा भारतको रोजगारी र बैदेशिकरोजगारीमा जानेहरुको संख्या दिनानुदिन बढ्दो क्रममा रहेको पाइन्छ।

बेलबारी नगरपालिकाको पछौटे सामाजिक जनजीवन, अशिक्षा, चेतनास्तरको कमी, भौगोलीक बिकटता जस्ता विभिन्न अवरोध तथा समस्याहरुले गर्दा लक्षीत समूहका बालबालिकाहरुले परिवार भन्दा बाहिर रहेर आफ्नो कष्टकर जीवन जिउन बाध्य भई पारिवारिक संरक्षणको अवसरबाट बञ्चित भएका छन्। त्यसैगरी बालश्रम, बाल विवाह ब्यापक छ भने दुर्गम बस्तीहरुमा शिक्षाको सहज पहुँच नहुदा

बिचैमा बिद्यालय छोड्नु पर्ने अवस्था, उच्च शिक्षा हासिल गर्न नपाउनु लगायत पारिवारिक बिखण्डन, घरेलु हिंसा, लैंगिक विभेद, दुरव्यवहार, कार्यबोझ, र श्रम शोषणको शिकार हुन पुगेका छन्।

## ५. दीर्घकालिन सोच :

क) लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने।

ख) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउने।

## ६. लैससास रणनीतिको औचित्यताः

संबिधानद्धारा प्रदान गरिएको समानताको हक कार्यान्वयनका लागि समुदाय तहमा रहेका बिभेदकारी मुल्यमान्यताहरु, कुरीति र परम्परागत सामाजिक हानिकार अभ्यास परिवर्तन गर्नु जरुरी छ। लैससास रणनीतिले पालिकाको हरेक नीति, कानुन, योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायि बनाउन मार्गनिर्देश गर्ने हुदा ब्यक्ति, परिवार र समाजको सोंच र ब्यबहारमा सकारात्मक परिवर्तन ल्याई लक्षीत बर्ग समूहलाई बिकासको मूलप्रबाहमा समाबेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ। नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्वताहरु स्थानीयकरण गरि लागु गर्न गराउन आबश्यकता महशुस गरी ............... पालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण गरेको छ। लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छः

क) लैससास सम्बन्धी प्राबधानहरुलाई स्थानीयकरण गरी बिकासको मूलप्रबाहमा लक्षीत समूहको अर्थपुर्ण सहभागिता सुनिश्चत गर्न मार्गनिर्देश गर्दछ।

ख) खण्डिकृत तथ्यांक सहित लक्षीत समूहको आबश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ।

ग) दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहँचु र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्रावधानहरुलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ।

ङ) लैसससाको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससामैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ।

च) यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरु बिच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानुन, योजना निर्माण एवं कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ।

## ७. उद्देश्य :

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरण (लैससास) अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा मूलप्रवाहीकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छनः

७.१ लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गरि, लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

७.२ स्थानीय सरकार एवम् अन्य सेवा प्रदायक सरोकारवाला संस्थाहरु सहित महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

७.३ लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, गैरसरकारी निकाय र स्थानीय सरकार आदि संग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

७.४ स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

## ८. नीति

८.१ स्थानीय सरकारले सचालन गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति लिनेछ। (उद्देश्य ७.१ संग सम्बन्धित)।

८.२ लैङ्गिक उत्तरदायी बजेटलाई तथा लैङ्गिक समानता तथा समावेशीकरण परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको वित्तिय श्रोतमा पँहुच अभिबृद्धि गरिनेछ। (उद्देश्य ७.१ संग सम्बन्धित)।

८.३ स्थानीय सरकार, सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुकोयोजनाबद्धरुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने। (उद्देश्य ७.२ संग सम्बन्धित)।

८.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवैसरोकारवालहरुसंग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गरिनेछ। (उद्देश्य ७.३ संग सम्बन्धित)।

८.५ सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईने छ। (उद्देश्य ७.४ संग सम्बन्धित)।

## ९. रणनीति

### ९.१ मूलप्रवाहिकरणः

क) स्थानीय तहमा महिला, बालबालिका तथा गरीब र बहिस्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावरण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्य मार्फत बहिस्करणमा परेका समुदायहरुको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र स्थानीय बिकाशको प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ।

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकाको संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि लैगिक समानता र सबै जातजातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहिकरण गर्दै लगिनेछ।

## ९.२ सशक्तिकरणः

बिकासका अवसरबाट बन्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका असक्त, गरीब, महिला, आदिबासी जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडाबर्ग, अल्पसंख्यक आदिको स्थानीय तहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई, सवल बनाई उनीहरुको सशक्तिकरण गर्दै लगिनेछ।

## ९.३ क्षमता बिकासः

क) स्थानीय सरकार सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गर्ने।

ख) स्थानीय नागरिक विशेष गरी लक्षित समुहको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गर्ने।

## ९.४ समन्वय, सहकार्य र सहजीकरणः

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

ख) लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एवं गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने।

## ९.५ अनुगमन तथा मूल्यांकनः

स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने। पालिकाको लैंगिक तथा सामाजिक समाबेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचािलन गरिनेछ। लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ।

## १०. कार्यनीति

### १०.१ कार्यनीति (रणनीति ९.१ सगं सम्बन्धित)

क) योजना र कार्यक्रम चक्रमा लैससासको एकिकृत गरि लैससासमैत्री योजना र कार्यक्रम निर्माण गर्नेछ।

ख) बढी भन्दा बढी जनसहभागीता सुनिश्चत गर्न संस्थागत सयन्त्र, प्रतिनिधितत्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्नेछ।

ग) सेवा प्रवाह सयन्त्र र प्रक्रिया लैससासमैत्री हुनेगरी सुधार एवम विकास गर्नेछ।

घ) लैङ्गिक उतरदायी बजेट तर्जुमा तथा लैंगिक लेखाजोखा बिधीलाई लैङ्गिक पुर्णरुपमा कार्यान्वयनमा ल्याईने छ।

ङ) स्थानीय सरकारको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला, बालबालिका, दलित तथा वञ्चितीकरणमा परेका र पारिएकाहरूकालागि विद्यमान प्रावधानहरू र स्थानीय सरकारको जिम्मेवारीका सम्बन्धमा सु—सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एव निरन्तर सञ्चालन गर्ने।

च) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्ने।

छ) लैङ्गिक उत्तरदायी वजेट मार्फत नतिजामुखी मध्यकालिन खर्च संरचना तथा आवाधिक र बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गर्ने।

ज) लैङ्गिक उत्तरदायी बजेट तर्जुमाका लागि सूचकहरु निर्धारण गरी यसको प्रयोगलाई योजना तथा बजेट तर्जुमा,मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने।

झ) लैङ्गिक उत्तरदायी वजेटलाई स्थानीय सरकारले आन्तरिकरण गरी यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिनेछ।

ञ) स्थानीय तहका लैससास सम्बन्धी समन्वय र कार्यान्वयन समितिले स्थानीय निकायको आवधिक, बार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गर्ने।

ट) लैङ्गिक उत्तरदायी वजेट तर्जुमा गर्न आवश्यक तथ्याँक र सूचनालाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गर्ने।

ठ) सेवाप्रदायक निकायका सरोकारवालाहरुलाई लैङ्गिक उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धि सीप विकास गर्ने।

ड) स्थानीय सरकारका सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धि सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिने छ। यसका लागि आम सञ्चार माध्यमको प्रयोग गर्ने।

ढ) स्थानीय सरकार प्रतिबेदनहरुमा लैङ्गिक उत्तरदायी वजेट मापन तथा लैससास परीक्षणका प्रतिबेदनहरु समाबेश गर्ने व्यबस्थालाई संस्थागत गरिने छ र यसमा भएको उपलव्धीको विश्लेषण गरी देखिएका समस्या र अन्तरहरुलाई सम्बोधन गर्ने गरी सीप तथा क्षमता विकास गरी सुधार गर्ने।

### १०.२ कार्यनीति (रणनीति ९.२ संग सम्बन्धित)

क) खण्डीकृत तथ्यांक र तथ्यांगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरि गरिब तथा बन्चितिकरणमा परेका समूहको पहिचान गर्ने।

ख) स्थानीय तह संग समन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरुको लैससास दृष्टिकोणबाट पुनरावलोकन तथा निर्माण गर्ने।

ग) विपन्न बर्गहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यन्वयन गर्ने।

घ) विविधताको सम्मान गर्ने।

**१०.२.१ संस्थागत ब्यबस्था:** लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ।

#### १०.२.१.१ सामाजिक विकास महाशाखा वा शाखा र यसको काम तथा कर्तब्यः

यस महाशाखा वा शाखाले लैङ्गिक समानता तथा सामाजिक सुरक्षा, वालवालिका किशोर किशोरी तथा युवा, अपाङता तथा जेष्ठ नागरिक, गैसस परिचालन, समन्वय तथा निगमन र सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता संम्बन्धित कामहरू गर्नेछन। साथै यस महाशाखा वा शाखाले निम्न थप कार्यहरु गर्न सक्नेछनः

क) स्थानीय तहका महिला, वालवालिका तथा वञ्चितिमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवम्विश्लेषण गर्ने।

ख) महिला र अन्य सीमान्तकृत समुहको हक सम्वन्धि नीति, योजना कार्यन्वयन, समन्वय र नियमन गर्ने।

ग) लैससासको प्रवर्धन र विकासका लागी योजना तथा कार्यक्रम बनाई लागु गर्ने।

घ) सहभागितात्मक योजना तर्जुमा र कार्यन्वयनमा लक्षित (महिला तथा बञ्चितिमा परेका वर्ग) समुहको पनि सहभागिता गराई लैङ्गिक उत्तरदायी बजेट विधि मार्फत नतिजामुखी योजना तर्जुमा गर्ने।

ङ) महिला र अन्य सीमान्तकृत समुहको आर्थिक, सामाजिक सशक्तिकरण र क्षमता विकास गर्ने।

च) लैङ्गिक हिंसा नियन्त्रणका लागी निरोधात्मक, प्रबर्द्धनात्मक,संरक्षणात्मक उपाय र पुनस्थापना गर्ने।

छ) लैङ्गिक पक्ष सम्वन्धि व्यक्तिगत जिम्मेवारीमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

झ) लैङ्गिक पक्ष सम्वन्धि गुनासो ब्यबस्थापन संयन्त्र निर्माण गरि कार्यान्वयन गर्ने।

ञ) कार्यक्रमको अनुगमन र मूल्यांकन स्थानीय तहको कार्यक्रम एवं संस्थागत रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नियमित रुपमा गर्ने।

ट) सञ्चार माध्यमबाट लैससास सम्वन्धी संदेशहरूको प्रचार प्रसार, प्रबद्र्धन र संरक्षण गर्ने।

ठ) महिला एवं वञ्चितिमा परेको वर्गहरुको क्षमता अभिवृद्धि, आय आर्जन र रोजगारी वृद्धि गर्ने।

ड) कार्यस्थलको संस्कारमा सुधारको पहल गर्ने।

ढ) लैससास सम्बन्धी असल अभ्यास र अनुकरणीय कामको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने गराउने।

ण) सबै योजना र कार्यक्रमको लैससास मैत्री अनुगमन, प्रतिवेदन र मूल्यांकन गर्ने गराउने।

त) संविधान तथा दीगो विकास लक्ष्यमा लैङ्गिक विषयवस्तुप्रति गरिएको प्रतिबद्धता र मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका कार्यक्रमहरूलाई ध्यानमा राखेर योजना तर्जुमा गर्न योजना अधिकृतहरूलाई निर्देशन दिने।

थ) योजना अधिकृतहरूलाई विभिन्न सामाजिक पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तिकरण तथा संरचित विभेदलाई न्यून गर्ने खालका कार्यक्रम तथा आयोजनाहरूको विकास गर्न निर्देशन दिने।

द) निर्दिष्ट लिङ्ग, जातजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्यमान्यता तथा अभ्यासहरूमा लक्षित गर्ने, हेरचाह सम्बन्धी कार्यबोझको न्यूनीकरणका उपायहरूको पहिचान गर्ने, पुरुष तथा बालकहरूसँग र सुविधासम्पन्न सामाजिक समूहसँग काम गर्ने।

ध) लैङ्गिक तथा जातीय सांस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने वा विशेष, संरक्षित र स्वायत्त क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरूका लागि अतिरिक्त बजेट उपलब्ध गराउने।

न) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ।

प) लैससास शाखा चलायमानका लागि **लैंगिक सम्पर्क ब्यक्ति (Gender Focal Person)**नियुक्त गरी कार्यबिबरण तोकीनेछ।

फ) गाउँपालिका वा नगरपालिकामा कार्यरत महिला कर्मचारीहरु र पालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि **लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको** ब्यबस्था गरिनेछ।

ब) पालिकामा कार्यरत कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशी अबधारणा र अभ्यासहरुका बिषयमा अभिमूखकरण मार्फत जानकारी गराई सेवा प्रबाह प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समाबेशीमैत्री बनाइनेछ।

भ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी ब्यबस्था बारे जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य ब्यबहारका लागि प्रोत्साहीत गरिनेछ।

म) पालिका क्षेत्र भित्रका लैंगिक बिभेद तथा लैंगिक हिंसाहरु र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने।

व) वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको सहभागिता गराई टोल समिति गठन गरि योजना तर्जुमा प्रक्रियामा र सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाउने ।

र) पालिका क्षेत्र भित्र संचालन हुने बिकास निर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि गठन गरिने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिला सहभागिता साथै अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा महिला प्रतिनिधित्व सुनिश्चित गर्ने।

ल) पालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि परेका वा पारिएका समुदायहरुको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत गाउँपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने।

ह) पालिकाको गरिबी नक्सांकन साथै लैङ्गिक तथा सामाजिक समाबेशी हिसावले खण्डिकृत तथ्यांक संकलन, बिश्लेषण र अद्याबधीक गर्नका लागि सुचना शाखाको प्रभावकारी ब्यबस्थापन मार्फत सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने।

### १०.२.१.२ बिभिन्न समितिहरुको गठन:

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरु प्रति संबेदनशिल भई गाउँपालिका/नगरपालिकाको नियमित शासन पद्धती तथा सेवा प्रबाह र कार्यप्रणालीलाई लैंगिक तथा समाबेशीमैत्री बनाउन पालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरु र कार्यरत सबै कर्मचारीहरुलाई लैंङ्गिक समानता तथा सामाजिक समाबेशी रणनीतिको कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अबधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ। पालिकामा क्रियाशिल सबै संयन्त्रहरु लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, बिकास साझेदार र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ। संविधान अनुसार स्थानीय सरकाले विभिन्न समितिहरु गठन गरि यस रणनीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि तल दिए अनुसार सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गरिनेछ।

**(क) गाँउपालिका तथा नगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिः**

प्रत्येक स्थानीय तहमा निम्नानुसारका मूलपरवाहिकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति रहने छः

१. गाँउपालिका तथा नगरपालिकाको अध्यक्ष तथा प्रमुख —संयोजक

२. गाँउपालिका तथा नगरपालिकाको उपाध्यक्ष तथा उप प्रमुख — सदस्य

३. सम्वन्धित गाउँपालिका तथा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत — सदस्य

४. कार्यपालिकाको सदस्यहरु मध्येवाट १ जना महिला सहित २ जना — सदस्य

५. गाउं कार्यपालिका वा नगरकार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट बढीमा २ (एक जना महिला)— सदस्य

६. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण फोकल व्यत्ति — सदस्य

७. सम्वन्धित स्थानीय तहको महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख— सदस्य सचिव

**(ख) गाँउपालिका तथा नगरपालिका लैससास मूलप्रवाहिकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

१. गाउँपालिका र नगरपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने।

२. लैङ्गिक,आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा गाउँसभा वा नगरसभा समक्ष सिफारिस गर्ने।

३. संघ तथा प्रदेश सरकार बाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने।

४. लैङ्गिक, आर्थिक, भौगोलिक, समाजिक, तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बद्र्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गउँसभा वा नगरसभा समक्ष सिफारिस गर्ने।

५. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिनेर कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने।

६. गाउँपालिका र नगरपालिकाको नियमितरुपमा लैंगिक तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्ने।

७. लैससाससंग सम्बन्धित अन्तराष्ट्रिय सन्धी, संझौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यन्वयन गर्ने गराउने।

८. गाउँपालिका वा नगरपालिकामा क्षेत्र भित्र लैससाससंग सम्वन्धि काम गर्ने संघ—संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

९. पालिकामा लैससाससंग सम्बन्धित विषय बस्तु हेर्नलाई लैससास शाखा वा डस्कको व्यवस्था गर्ने।

**(ग) गाँउपालिका तथा नगरपालिका लैससास कार्यन्वयन तथा अनुगमन समितिको बैठक र निर्णयः**

१. समितिको बैठक आवश्यकता वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ।

२. संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य– सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

४. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

५. समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ।

६. समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**(घ) वडास्तरीय समितिः**

गाँउपालिका वा नगरपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय बमोजिका संयोजक तथा सदस्यहरु रहने छनः

१. सम्वन्धित वडाको वडा अध्यक्षः - संयोजक

२. सम्वन्धित वडाका वडा सदस्यहरुः - सदस्य

३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरुः - सदस्य

४. वडास्तरीय बाल संजालको अध्यक्ष - सदस्य

५. सम्वन्धित वडाको वडा सचिवः - सदस्य सचिव

**(ङ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः**

१. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय **खण्डीकृत तथ्याङ्क** संकलन गर्ने।

२. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक यौनिक अल्पसंख्यक, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने।

३. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायकोहक हितको संरक्षण र सम्बद्धधन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम वनाई गाउँ/नगरपालिका, उप/महानगरपालिकामा पेश गर्ने।

४. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने।

### १०.३ कार्यनीति (रणनीति ९.३ संग सम्बन्धित)

क) लैससासका लागी सस्थागत र व्यक्तिगत दुबै क्षमता बिकासका क्षेत्रहरू पहिचान गरि कार्यन्वयनगर्ने।

ख) स्थानीय सरकारको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघसंस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासङ्घ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा समेटिने छ।

ग) सबै समुदायका विपन्न महिला, पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी स्थानीय तहको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय निकायहरूको जिम्मेवारीका सम्बन्धमा सुसूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गराईने छ।

घ) लैससास सम्बन्धि जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यन्वयन गर्ने।

ङ) स्थानीय सरकारका प्रमुख एवम्राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाउने।

च) लैससास सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरु तयार गरी समयानुकूल सुधार गरी कार्यन्वयनमा ल्याईने।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराईने छ।

ज) स्थानीय सरकारले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गने।

झ) लैससास सम्बन्धि असल अभ्यास छनौट गरी सोकोप्रचार प्रसार गर्न उत्प्रेरित गर्ने।

ञ) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्धि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्याकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्ने।

### १०.४ कार्यनीति (रणनीति ९.४ संग सम्बन्धित)

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरू, विकास साझेदारहरू, सामुदायिक समूहहरू तथा नागरिकहरूबीच तल उल्लेख गरे अनुसार साझेदारी तथा सहकार्य गरिनेछ।

| **समन्वय, सहकार्य, सहजीकरण र साझेदारीका लागि संभाव्य संस्थाहरु।** | **संभावित कार्य तथा भूमिका र जिम्मेवारी** |
|---|---|
| केन्द्रिय तथा प्रादेशिक सरकार | • लैससासलाई राष्ट्रिय नीतिहरुमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत ब्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने।<br>• लैससास दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने।<br>• लैससास सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससंग समन्वय कायम गर्ने।<br>• लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा |

| | |
|---|---|
| | समावेशीकरण बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने<br>• महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पु-याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने |
| महिला,दलित,आदिवासी जनजाति,पिछडिएका समुदाय, बादी तथा मुस्लिम आदि वञ्चित समूहहरू | • खास—खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने। |
| बिकास साझेदारी सस्थाहरु | • केन्द्रीय, प्रदेश एवम् स्थानीय सरकारहरुको लैससास सम्बन्धी बाधा र क्षमता बिकासको अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने।<br>• लैससास लाई केन्द्रदेखि स्थानीय तहसम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने।<br>• यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय,<br>• प्रदेश एवम् स्थानीय तहमा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने। |
| नागरिक समाज, गैसस तथा निजी क्षेत्र | • महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुर्याउन समन्वय र सहकार्य गर्ने। |
| स्थानीय समुदाय | • यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि साझेदारको रूपमा काम गर्ने।<br>• आफ्नो बस्ती तहका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राख्ने।<br>• लैससास दृष्टिकोणबाट योजना प्रगति एवम् चुनौतिहरूको |

| | |
|---|---|
| | आफै अनुगमन गर्ने।<br>• महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै छलफल गराउन सहयोग गर्ने। |

### १०.५ कार्यनीति (रणनीति ९.५ संग सम्बन्धित)

क) स्थानीय सरकार अन्तर्गत संचालन भएका योजना तथा कार्यक्रम र स्थानीय सरकार स्वमं लैससास उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरि अनुगमन तथा मूल्यौंकन गर्ने।

ख) लैससास महाशाखा वा शाखाले अनुगमन तथा मूल्यौंकन शाखासंग उस्को कार्यविधि, निर्देशिका, फ्रेमवर्क तथा अन्य योजना तथा कार्यक्रमको मूल्यांकन गर्दा लैससासको अवस्था प्रष्ट्याउने गरी खण्डिकृत तथ्यौंकलाई आधार बनाउन समन्वय र सहयोग गर्ने।

ग) स्थानीय सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्यौंकन प्रणालीमा सुधार गरी लैससास मूखी बनाउन उद्देश्य र सूचकहरु लैससासका आधारमा खण्डिकृत गर्ने।

घ) खण्डिकृत तथ्यौंक संकलन र उपलव्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र बार्षिक प्रतिबेदनमा खण्डिकृत तथ्यौंक सम्मिलित प्रतिबेदन पेश गर्ने।

ङ) लैससास महाशाखा वा शाखाले लैङ्गिक तथा सामाजिक समाबेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्यौंकन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखिकरण गर्ने र सो बाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गर्ने।

च) लैससास महाशाखा वा शाखाले लैससास सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यबधानलाई आवधिक रुपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यबस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिने।

छ) स्थानीय तहमा गठित सूपरिबेक्षण तथा अनुगमन समितिको कार्यलाई लैससास उत्तरदायी बनाउन लैससास महाशाखा वा शाखा र लैससास समन्वय समितिको सहकार्यमा लैससास सम्बन्धी सूचकहरुको पहिचान गर्ने, अनुगमन तथा मूल्यांकन ढाँचामा समाबेश गर्ने, खण्डिकृत प्रारम्भिक तथ्यौंक संकलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग–निर्देशन गर्ने र सोका लागि अभिमूखिकरण गर्ने।

ज) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, संस्थागत क्षमता स्वमूल्यांकन, लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने। यी क्रियाकलापहरुमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय तथा मुस्लिम आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्ने।

## ११. रणनीति पुनरावलोकन तथा सुधार

यस रणनीति कार्यवनयनको प्रभावकारीता, उपयुक्ता र उपदेयताको मुल्याकनलाई आवश्यता अनुसार पुनरावलोकन तथा सुधार गरिनेछ।

## १२. बाधा अडचन फुकाउने

यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका प्रावधानलाई प्रतिकुल असर नपर्नेगरी स्थानीय सरकारले बाधा अड्चन फुकाउन सक्नेछ।

## १३. अवस्था विश्लेषण (SWOT)

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो। यो बेलबारी नगरपालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा नीतिकानून, संस्थागत व्यवस्था , मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिनु पर्दछ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ। यहां आ-आफ्नो पालिकाको अवस्था विश्लेषण गरेर हेर्नु पर्ने हुन्छ । यो सामान्यीकरण गरिएको हो।

| बलियो पक्ष (Strength) | कमजोर वा सुधार गर्नुपर्ने पक्ष (Weakness/Improvement) | अवसरहरु (Opportunities) | चुनौतीहरु(Threats ) |
|---|---|---|---|
| १. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु प्रसस्त रुपमा समावेश भएको<br>२. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको<br>३. लैससास सम्बन्धी नीति रणनीति बनाइ कार्यन्वयनमा ल्याइएको<br>४. पालिकाको प्रोफाइल बनी खण्डीकृत तत्थ्यांक अध्य आवधिक गर्ने गरिएको<br>५. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको।<br>६. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ।<br>७. महिला पुरुष एवम रैथाने तथा आप्रवासी कामदार तथा श्रमजिवी | १. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको।<br>२. नगरपालिकाले लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नभएको।<br>३. महिलाहरुको छुट्टै खण्डिकृत डाटा (बस्तुगत विवरण) नभएको।<br>४. लैङ्गिक उत्तरदायी बजेट निर्माण एवम लैससास परीक्षणलाई वजेट व्यवस्थान नभएको।<br>५. स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको<br>६. दीगो विकासको लक्ष्यका लक्ष्य नं १, ५,१० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको<br>७. कुनै नीति नियम कार्यविधि | १. विभिन्न जातजाती, समुदाय बिच सामाजिक र स्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातारण रहेको।<br>२. विभिन्न गैह्रसरकारी संघसंस्थाको कार्यक्षेत्रको रुपमा स्थानीय तह हुनु।<br>३. युवा जनप्रतिनिधि कर्मचारीको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने<br>४. महिला तथा लक्षित वर्गका विभिन्न समूहरु क्रियशिल हुनु।<br>५. राष्ट्रिय गौरबका आयोजना स्थानीय तहमा संचालन हुनु/<br>६. स्थानीय तहका सवै कार्यालयहरुमा महिला हिंसा तथा विभेद हुन नदिनका लागि लैङ्गिक | १. छुवाछूत,लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत कु मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयन मा जटीलता।<br>२. मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन<br>३. महिला तथा बालबालिकाहरुका लागि लक्षित बजेट नहुदा क्षमता वृद्धि तथा आर्थिक विकास गर्न समस्या र पालिकाको जनप्रतिनिधि तथा कर्मचारीको स्वविवेकमा भर पर्नु।साथै विकास भनेको भौतिक विकासलाई |

| | | | |
|---|---|---|---|
| उपर ज्यालामा विभेद रोक्ने प्रावधान रहेको।<br>८. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३% भन्दा वढी भएको।<br>९. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको।<br>१०.महिला बालबालिका जेष्ठ नागरिक शाखा स्थापना र सचालन भएको<br>११.स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको<br>१२.सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको।<br>१३. लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास को श्रोत व्यवस्थापनका लागि कोष | दिगदर्शन जारी गर्नुभन्दा अगाडी लैससास को दृष्टिले उपयुत्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरेको।<br>८. निश्चित प्रतिशत वजेट लक्षित वर्गमा विनियोजन नगरेको<br>९. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको<br>१०.योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको<br>११. महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको।<br>१२.कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको।<br>१३.मानव संसाधन विकास शाखाको | हिंसा न्यूनीकरण आचार संहिता निर्माण गर्न गैससले सहयोग गरिरहेको हुनु।<br>७. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु।(आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्छ)<br>८. जनप्रतिनिधिहरु तथा कर्मचारीहरु लैससास सहिति अन्य विभिन्न विषयको श्रोत व्यक्ति हुनु। (क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिने )<br>९. वालमैत्री लैङ्गिक मैत्री अपाङ्ग मैत्री जस्ता विकास मोडलका विषय विज्ञहरु स्थानीय तहमा हुनु।<br>१०. लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा गर्ने प्रतिवद्धता सहितको बृहत आवधिक योजना तयार भएको।<br>११. स्वास्थ्य वीमा कार्यक्रमलाई सवै घरधुरीमा पुर्याउन प्राविधिक सहयोगका लागि गैससले काम | मात्र वुझिएको<br>४. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न।<br>५. विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिक को कामको मूल्याङ्कन गर्न।<br>६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन नीयम कानून कार्यविधि कार्यान्वन गर्न।<br>७. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीगत छूवाछूत, बोक्सीको आरोप लागाउने घरेलु हिंसा ) को अन्त्यका लागि विभिन्न |

| | | | |
|---|---|---|---|
| स्थापना गरि कार्यान्वयन गरेको।<br>१४.समावेशी सुचना प्रणाली व्यावस्थापनका लागि बजेट विनियोजन तथा कार्यान्वयन।<br>१५.लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको।<br>१६.विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको<br>१७.लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पुर्व तयारी कक्षा संचालन गरी लक्षित वर्ग रोजगारी कार्यक्रममा प्रत्यक्ष रुपमा सहयोग पुर्याएको ।<br>१८.महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको।<br>१९. स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको। | स्थापना नभएको।<br>१४.पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको।<br>१५.लैङ्गिक हिंसा मुक्त स्थानीयतह घोषणा हुन नसकेको।<br>१६.सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको।<br>१७.गर्भवती महिलालाई जोखीम तथा खतरा युक्त काममा नलगाउने नीति तयार नभएको।<br>१८. भौतिक पूर्वाधारका ड्रइङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको।<br>१९.यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको।<br>२०.लैससास सम्बन्धी सरोकारवाला | गरिरहेको।<br>१२. एक घण्टाको पहुँच भित्र सवै नागरिकका लागि स्वास्थ्य सेवाको पहुँच हुनु।(सवै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने )<br>१३. अंग्रेजी माद्यमवाट पठनपाठन हुने सरकारी विद्यालयहरु हुनु। (शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी सरकारी विद्यालयमा विद्यार्थीहरुको आकर्षण वढाउन सकिने जहाँ किसान गरिब तथा मजदुरका छोराछोरी पठनपाठन गर्छन)।<br>१४. सुफत मूल्यका सहकारी पसलहरु स्थापना संचालनमा हनु ( महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने )<br>१५. किसान सम्मान अभिनन्दन पुरस्कार आदी कार्यक्रम नियमित रुपमा हुनु किसान र कृषि प्रवर्द्धन गर्न सकिने। | कार्यक्रम हरु सञ्चालन गर्न<br>८. मोवाइल को दुरुपयोग र बाल बालिकाको उमेरमा नै व्यापक प्रयोगले बालविवाह अवैध वच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्ध विच्छेद हुने जस्ता संभावना वढ्दै गाएको।<br>९. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन।<br>१०.कृषि प्रति युवा लाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न।<br>११.सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका |

| | | | |
|---|---|---|---|
| २०.महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा आदी )<br>२१.उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएका।<br>२२.सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको।<br>२३.सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको<br>२४.लक्षीत तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमा भएको<br>२५.लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने गरेको।<br>२६.सार्वजानिक लेखापरीक्षण सामाजिक परीक्षण तथा सार्वजानिक सुनुवाईमा लक्षित समूहलाई प्रश्न राख्न दिने र | निकाय विच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको।योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको<br>२१.सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको।<br>२२.नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिक नगरेको।<br>२३.कार्यस्थलमा हुने लैङ्गिक हिंसा नियन्त्रण गर्न आचार संहिता नबनाएको।<br>२४.भौतिक पुर्वाधारका सवै डिजाइन हरुमा बालमैत्री तथा लैससास मैत्री प्रावधानहरु समेट्ने नगरिएको। | १६. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु।<br>१७. आवशयक सवै शाखामा पर्याप्त जनशक्ति हुनु।<br>१८. अन्तराष्ट्रिय सन्धी संझौता तथा प्रतिवद्धताहरु लाई स्थानीयकरण गर्न गैससले प्राविधिक सहयोग पुर्याउनु।<br>१९. अनुगमन मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु।<br>२०.अन्तराष्ट्रिय प्रतिवद्धता तथा महासन्धीहरुका वारेमा जनप्रतिनिधिहरु जानकार हुनु। | लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न।<br>१२.कानुनी ज्ञान,आवश्यक नीति नियम आदिको अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारीरुमा कार्यान्वयन गर्न<br>१३.लैगिंक खण्डिकृत तथ्यांकको अभावको कारण सहिरुपामा योजना तथा बजेट व्यवस्थापन गर्न गारो।<br>१४.बेरोजगार तथा गरिबहरुको खण्डिकृत डाटा अद्यावधिक नभएको |

| | | | |
|---|---|---|---|
| छलफल गर्ने गरेको।<br>२७.जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि अनुशासनमा बाँधिएको<br>२८.बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइड मार्फत नीयमित रुपमा सार्वजानिक गरेको। | | | |


## १४. सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ। जसमा सिधा संपर्क हुने।दोश्रो माद्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएकोछ।

| **सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु)** | **दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु)** | **अप्रत्यक्ष संपर्क हुनेहरु (तेश्रो नं का सरोकारवालाहरु )** |
|---|---|---|
| महिलाबालबालिका तथा जेष्ठ नगारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | गैहसरकारी संस्थाहरु | मुस्लीम आयोग |
| गाउँ / नगर कार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| गाउँ / नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | संचार माद्यमहरु | राष्ट्रिय स्तरका संचार माद्यमहरु |

नोटः स्थानीय तहमा रहेका अन्य सरोकारवालाको आधारमा थपघट गर्न सकिनेछ।

**१४.१ सरोकारवाला निकायहरुको पहिँचान गरिएको सुची भेन डायग्रामद्धारा प्रस्तुतीः**




## १५. लक्षितवर्ग पहिचान प्राथमिकिकरण र सवाल पहिँचान:

बेलबारी नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकामा महिला लगायत पछाडी परेका वा पारिएका बर्ग समुदायहरु लक्षित समुदाय मानि पालिकाले लक्षित समूहको उत्थान र बिकासमा बार्षिक योजना तथा बजेट बिनियोजन गर्ने गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ।समूह छलफलबाट तयार गरिएको पालिकाको

नक्सामा सबै वडाहरुमा लक्षीत समूह छरिएर रहेको पाइन्छ। लक्षीत समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छ।

| | | |
|---|---|---|
| १. महिला / एकल महिला | २. बालबालिका | ३. अपाङ्गता भएका व्यक्ति |
| ४. जेष्ठनगारिक | ५. लैङ्गिक तथा यौनिक अल्पसंख्यक | ६. अति विपन्न वर्ग |
| ७. अल्पसंख्यक/ लोपोन्मुख | ८. किसान | ९. आदिवासी जनजाती |
| १०. मुस्लीम | ११. मजदुर | १२. द्वन्द्वपिडित |
| १३. सुकुम्वासी | १४. मधेसी | १५. पिछडिएको क्षेत्र र समुदाय |

| **गाउँपालिका वा नगरपालिका, उप/महानगरपालिकाका लक्षीत वर्ग प्राथमिकिकरण** | **लक्षीत वर्गका सवालहरु** |
|---|---|
| १. महिला/एकल महिलाका सवालहरु | • नीति निर्माण तहमा अर्थपुर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्न<br>• महिलाहरुको योजना तर्जुमा प्रक्रियामा अर्थपूण सहभागितामा कमि।<br>• दुर्गम बस्तीमा बस्ने तथा निरक्षर महिलाको सूचनामा पहुँच कमि।<br>• अधिकांस महिलालाई आफ्नो अधिकार र कानुन्बारे जानकारी नहुनु।<br>• गर्ववती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा स्वास्थ्यको जोखिममा पर्नु।<br>• घरेलु हिंसा, लैंगिक हिंसा, बलात्कार तथा यौनजन्य दुरब्यबहार र बिभेदबाट पिडित हुनु।<br>• पुरुष प्रधान समाज तथा परम्परागत सोचका कारण लैंगिक बिभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरु कायमै रहनु।<br>• मानसिक स्वास्थ्य समस्याको सिकार बन्नु। |

| | |
|---|---|
| | • आर्थिक स्रोतमा पहँुच तथा नियन्त्रण कमि।<br>• शिक्षामा समान पहुँच नहुनु।<br>• गर्भवती महिला तथा सुत्केरी महिलाहरुमा पोषणको कमि।<br>• कार्यलयहरुमा लैंगिकमैत्री संरचना तथा ब्यबहारको कमि।<br>• एकल महिला, अपांग, असाह्य महिलाहरुलाई अपमानजनक तथा असमान ब्यबहार, सेवामा असमान पहुँच, समान अवसरबाट बञ्चित हुनु।<br>• चेतनाको कमि। |
| २. बालबालिकाका सवालहरु | • बाल श्रम हुनु, बाल यौन दुर्व्यबहार तथा शोषण लगायतका बिभेद जन्य कार्यबाट पिडित छन्।<br>• बालविवाह कायमै रहनु र बालबिबाहलाई समाजले सहजै स्विकार गर्नु ।<br>• बालमैत्री संरचना, व्यवहार, खेल मैदान,बालउद्यान नहुनु।<br>• स्तनपान कक्ष सबै सार्वजनिक स्थानमा नहुनु।<br>• बलिकाहरुमा आत्मरक्षा शिप नहुनु।<br>• बेसाहारा तथा अबिभावक बिहिनताका कारण संरक्षणको अभाव। |
| ३. अपांगता भएका ब्यक्ति | • समान अवसरबाट बञ्चित साथै सार्बजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु।<br>• अपहेलना, अपमानजनक ब्यबहार तथा यौनजन्य दुर्व्यबहारको शिकार हुनु।<br>• मानसिक स्वास्थ्य समस्याको सिकार हुनु।<br>• अपंगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमि हुनु।<br>• समान शिक्षाको अवसरबाट बञ्चित।<br>• रोजगारीमा पहुँच कमि।<br>• अपांङ्ग महिला, बालिका तथा किशोरीहरु यौनजन्य शोषण तथा दुर्व्यवहार र बलात्कारको शिकार बन्नु। |
| ४. ज्येष्ठ नागरिक | • जेष्ठ नागरिकको सूचनामा पहुँच कमि।<br>• जेष्ठ नागरिकलाई उचीत पालनपोषण तथा संरक्षणको व्यवस्था नहुनु साथै घरपरिवारबाट बेवास्ता र अपहेलना गरिनु।<br>• ज्येष्ठ नागरीक माथि अपमानजनक ब्यबहार<br>• स्रोतमा पहुँच तथा नियन्त्रण कमि। |

| | |
|---|---|
| | • परिवार तथा समाजबाट अपहेलीत र एक्लै बढी समय बिताउनु पर्दा मानसिक समस्याको शिकारको सम्भावना रहनु। |
| ५.लैंगिक तथा यौनिक अल्पसंख्यक | • पहिचान हुन नसक्नु।<br>• खुलेर समाजमा आउन नचाहनु।<br>• समान अवसरबाट बञ्चित हुनु।<br>• समाजबाट अपमानजनक ब्यबहार तथा बिभेदपुर्ण दृष्टिकोण राख्नु। |
| अति बिपन्न समुदाय | • सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्बाह गर्न बाध्य<br>• मुख्य पेशा ज्यालामजदुरी<br>• गरिवीका कारण उच्च शिक्ष, स्वास्थ्य र रोजगारबाट बञ्चित<br>• सुचनामा पहुँच नपुग्दा नगरपालिका तथा वडाबाट संचालीत योजना लगायत सेवा सुबिधामा पहुँच कमी।<br>• अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु।<br>• निर्णयक तहमा सहभागिताको पहुँच न्यून। |
| अल्पसंख्यक | • सुचनामा पहुँच कमी<br>• समान अवसरबाट बञ्चित,<br>• जनचेतनाको कमी। |

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट बेलबारी नगरपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन। वलियो पक्ष, कमजोर पक्ष, अवस तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ। धेरै भन्दा धेरै सवल पक्षहरु पहिचान भएका छन ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ।

## १६.वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ। स्थानीय तहहरुले **SUTRA** मार्फत नै वजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ। लैङ्गिक उत्तरदायी बजेटलाइ

स्थानीयकरण गरी यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ। लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेट ले तय गरेका विषयगत क्षेत्रहरुमा अद्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

## १७. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ। यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ।तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयन मा आउने छन।

## १८. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन तथा अनुगमन समितिको हुनेछ भने तथा वडामा वडा स्तरी लैससास कार्यन्वयन तथा अनुगमन समितिको हुनेछ।कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ। योजना तर्जुमा

तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम उपप्रमुख/ उपाध्यक्षको हुनेछ भने आवश्यकत अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ।

## १९. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १९.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ

क. पितृसत्तात्मक तथा सामान्ती सोच हावी रहेको सन्दर्भमा लैङ्गकि समानता तथा सामाजिक समावेशी मूलप्रवाहीकरण रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गकि समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्त।

### १९.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने।

ख. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने।

ग. स्थानीय तहका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने।

घ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने।

## शब्दावली

| | |
|---|---|
| पहुँच | सेवाहरू, अवसरहरू, वस्तु तथा स्रोत—साधन प्राप्त गर्न सक्ने वा तिनबाट लाभ लिन सक्ने विभिन्न लैंगिक समूहहरूको योग्यता। |
| लैंगिकता | महिला एवम् पुरुषहरूबीच समाजले निर्माण गरेको सामाजिक तथा सांस्कृतिक |

| | |
|---|---|
| | विविधता/संरचना। यस्ता संरचनाहरू संस्कृति र समयअनुसार फरक पर्न सक्दछन् र यस्ता संरचनाले पुरुष वा महिला भएकै कारणले प्राप्त हुने आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अवसरहरूलाई प्रभावित पार्न सक्दछन्। |
| लैंगिक विश्लेषण | लैंगिक भिन्नताका बारेमा जानकारी हासिल गर्नका लाागि लैंगिक रुपमा खण्डीकृत तथ्यांकको संकलन र विश्लेषण गर्ने प्रक्रिया। यी भिन्नताहरूका बारेमा जानकारी हासिल गर्नाले पुरुष, महिला, किशोर, किशोरीहरूका आवश्यकतालाई राम्रोसँग पूर्ति गर्नका लागि नीति, कार्यक्रम र परियोजनाहरूलाई प्रभावित गर्न सहयोग पुग्दछ |
| लैंगिकतामा आधारित हिंसा | पुरुष तथा महिलाहरूबीच सामाजिक रुपमा खडा गरिएको विभेदमा आधारित रहेर कुनै व्यक्तिको इच्छा विपरित गरिने कुनै पनि हानिकारक कार्यलाई बुझाउने एउटा साझा शब्दावली। यसअन्तर्गत भौतिक, यौनिक, मानसिक हानि गराउने वा जबरजस्ती तथा स्वतन्त्रताबाट विमुख गराउने अन्य धम्कीपूर्ण कार्यहरू पर्दछन्। लैंगिकतामा आधारित हिंसा सार्वजनिक वा निजी रुप/स्थलमा प्रकट हुन सक्दछ। |
| लैंगिक क्षमता | कुनै खास लैंगिक समूहले जन्मजात वा पछि हासिल गरेको दक्षता वा समस्याको सामना गर्ने सकारात्मक तरिकाका कारण समाजलाई योगदान गर्न सक्ने तत्व वा आधार। |
| लैंगिक मूल प्रवाहीकरण | लैंगिक विकास सूचकांकले मानवीय विकासका उपलब्धिहरूमा मानवीय विकासका तीन प्रमुख आयामहरू — स्वास्थ्य, ज्ञान र जीवनस्तरमा मानवीय विकास सूचकांकको जस्तै गरी महिला र पुरुषबीचका विभेदहरूको मापन गर्दछ। |
| लैंगिक मूल प्रवाहीकरण | नीति, योजना,बजेट तथा कार्यक्रम, रणनीति र प्रशासनिक/वित्तीय क्रियाकलापहरूमा महिला तथा पुरुषहरूका चासो र आवश्यकताहरू पहिचान तथा संवोधन गर्ने एउटा प्रक्रिया। |
| लैंगिक आवश्यकता | पुरुष तथा महिलाहरूको सापेक्षिक अवस्था/स्थितिका कारण उत्पन्न आवश्यकताहरू। यस्ता आवश्यकता **व्यावहारिक** (जस्तो कि खाद्यान्न वा आश्रयस्थल) वा **रणनीतिक** किसिमका (जस्तो कि कानुनी अधिकार, सीप विकास वा नेतृत्वसीप तालिम) हुन सक्दछन्। |
| लैंगिक भूमिका | समाजले पुरुष तथा महिलाहरूका लागि निर्धारण गरेको फरक—फरक कर्तव्य तथा जिम्मेवारीहरू।लैंगिक भूमिका संस्कृति, परिवेश तथा समयअनुसार फरक— |

| | |
|---|---|
| | फरक हुन्छन्।यो प्रजनन भूमिका, उत्पादनमूलक भूमिका, सामाजिक वा राजनैतिक भूमिका |
| लैससास रुपान्तरणकारी पद्धति | लैससास रुपान्तरणकारी पद्धतिले व्यक्तिगत स्वयम्—सुधारबाट अघि बढ्दै असमानतालाई प्रवद्र्धन गर्ने शक्ति सम्बन्ध र संरचनाबाट टाढिने उद्देश्य राख्दछ। विकासमा लैससास रुपान्तरणकारी पद्धति "समाजमा रहेका सामाजिक मान्यता, प्रवृत्ति, आचरण र सामाजिक **पद्धति**हरूलाई संबोधन गर्नका लागि असमानताका "लक्षण" हरूबाट अघि बढ्दछ। यस पद्धतिले समूहहरूलाई सामाजिक मान्यता तथा शक्ति सम्बन्धहरूका दृश्य कमीकमजोरीहरूलाई गम्भीरतापूर्वक परीक्षण गर्ने, चुनौती दिने र प्रश्न गर्ने बनाउँदछ (रोटाक तथा अन्य २००९)। रुपान्तरणकारी परिवर्तनहरूलाई सशक्तीकरणका तीन मुख्य क्षेत्रहरूका आधारमा मापन गर्न सकिन्छ। **निकायः**व्यक्ति तथा सामूहिक क्षमता (ज्ञान तथा सीप), प्रवृत्ति, गम्भीर पुनरावलोकन, सम्पत्तिहरू, कार्यहरू, सेवाहरूमा पहुँच।**सम्बन्धः** घर, बजार, समुदाय र समूह तथा संगठनका मानिसहरूबीचको सम्बन्धमा सम्मिलित अपेक्षा, सहकार्य तथा वार्ताका गतिशीलताहरू।<br>**संरचनाः** सामूहिक, व्यक्तिगत तथा संस्थागत अभ्यासहरू जस्तो कि वातावरण, सामाजिक मान्यता, स्वीकारोक्ति र पहिचानलाई नियन्त्रण गर्ने अनौपचारिक तथा औपचारिक संस्थागत नियमहरू।(मार्टिनेज तथा वु २००९, मोर्गान २०१४) |
| लैंगिक संकटा भिमुखकता | पुरुष, महिलाहरू, किशोर वा किशोरीहरूले आफ्नो शक्ति वा सामाजिक औकातका कारण सामना गर्ने फरक—फरकखालका जोखिमहरू। |
| अन्तरआवद्धता/Inter -Sectionality) | "विभेद र असमानता जस्ता खप्टिएका र अन्तरनिर्भर पद्धतिहरूको विकास गर्ने ठानिएकाजात, वर्ग, लैंगिकता आदिका आधारमा सामाजिक वर्गीकरणको अन्तर आबद्ध चरित्र" अन्तरआबद्धता हो।भेदभाव र दमनको सबैको आफ्नै अनुपम अनुभव छ र मानिसहरूलाई सीमान्तीकृत बनाउन सक्ने कुनै पनि कुरालाई हामीले विचार गर्नै पर्दछ। सामाजिक पहिचान र अन्य सामाजिक भिन्नताहरूको एक—अर्कामा जटिल सम्बन्ध हुन्छ र अन्तरनिर्भर लाभ तथा हानी हुन्छ भन्ने कुरालाई स्वीकार गर्नु महत्वपूर्ण छ। |
| पुरुष संलग्नता | लैंगिकतामा आधारित हिंसाको निषेध लगायत लैंगिक रुपान्तरणसम्बन्धी प्रयासहरूमा पुरुषहरूलाई समावेश गराउने एउटा रणनीति। यसअन्तर्गत लैंगिकता सम्बन्धी मुद्दाहरूमा सचेतीकरण गर्ने र पुरुषत्वसम्बन्धी सकारात्मक |

| | |
|---|---|
| | धारणाहरू प्रवद्र्धन गर्ने जस्ता पुरुषसम्बन्धी कार्यक्रमहरूमा विशेष जोड दिने कुरा पनि रहन सक्छ। |
| सीमान्तीकृत/वञ्चितीकृत | सीमान्तीकरण अन्तरपुस्तागत र पद्धतिगत हुन्छ जुन निम्न कुराहरूमा आधारित हुन्छः (क) लैंगिकतामा आधारित (ख) गरिबीमा आधारित(ग) जात, जाति, धर्म, भाषा (घ) अपांगता तथा शारीरित वा मानसिक बिरामी। यसर्थ, यसले निम्न क्षेत्रहरूमा सीमान्तीकरण बढाउँदछ (क) आर्थिक बञ्चीकरण (ख) राजनीतिक विभेद (ग) सामाजिक विभेद।यी अनुभवहरूले उनीहरूका सामाजिक परिवेश र आवाजलाई धूमिल बनाउँदछ साथै आधारभूत सेवाहरू, आम्दानी र रोजगारीका अवसरहरूमा समान पहुँचको अभाव।" नेपाली समाजमा सीमान्तीकृत/बञ्चितीकृत समुदायललाई निम्नअनुसार चिनिन्छः<br>जात/जातीयताः दलित, पछाडी परेकाहरु र आदिवासी जनजाति,भूगोल, क्षेत्र, भाषा, गरिवी, भूमिहीन |
| बहुआयामिक गरिबी | बहुआयामिक गरिबीले विपन्न समुदायले दैनिक जीवनमा भोग्नुपरेका विभिन्नखालका बञ्चितीकरणहरूलाई समेट्दछ । जस्तो कि– कमजोर स्वास्थ्य, शिक्षा, कमजोर जीवनस्तर, सशक्तिकरणको अभाव, कार्यमा कमजोर गुणस्तर, हिंसाको धम्की, वातावरणीय रुपमा असुरक्षित क्षेत्रमा बसोवास र अन्य। |
| सहभागिता | समाजका विभिन्न आयाममा विभिन्न लैंगिक समूहहरूको संलग्नताको तह र सम्बन्धित व्यक्तिको सामाजिक स्वतन्त्रताले लैंगिकतामा आधारित भएर यस्तो संलग्नतामा कसरी प्रभावित पार्दछ भन्ने विषय। |
| बेतलबी काम | घरायसी वा बाह्य खपतका लागि वस्तु तथा सेवाहरू उत्पादन गर्न गरिने ती प्रयासहरूलाई बेतलबी काम भनिन्छ जसलाई बजारमा बिक्री गर्न सकिँदैन। |
| संकटाभिमुख | संकटाभिमुखता अवस्था अनुसार निर्धारित हुन्छ र यो निम्न कुराहरूसँग सम्बन्धित हुन्छः क) उमेर ख) भौगोलिक अवस्थिति– जस्तो कि विपद्उन्मुख क्षेत्रमा बसोवास, र ग) रोजगार अथवा आयस्रोत गुमाएका व्यक्तिहरू। उदाहरणका लागि भूकम्प, बाढी प्रभावित क्षेत्रमा बसोवास गरेका व्यक्तिहरू, एच.आइ.भी. प्रभावित, यौनकर्मीहरू र बेचबिखनमा परेका बालबालिका, किशोरकिशोरी, वृद्धवृद्धा र अन्य। |

| तहहरु | संस्थाहरु | विभागहरु | लैससास नीतिहरु |
| --- | --- | --- | --- |
| संघीय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | महिला, बालबालिका विभाग | चालुकोष स्थापना तथा बीउपुँजी परिचालन निर्देशिका २०६० लैंगिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१, कार्यविधि दिग्दर्शन, २०६१ आपत्कालिन संरक्षण सेवामा महिला विकास कार्यक्रम अन्तरगत प्रवद्धित समूहहरुको परिचालनका लागि मार्गदर्शन अस्पतालमा आधारित एक विसौनी संकट व्यवस्थापन केन्द्र संचालन दिग्दर्शन २०६७ मुलुकी अपराध संहिता २०७४, मुलुकी देवानी संहिता २०७४, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५, घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६, घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) अचार संहिता २०७४, बोक्सीको आरोप (कसूर र सजाय) ऐन २०७२, अपराध पीडित संरक्षण ऐन २०७५, ज्येष्ठ नागरिक सम्वन्धी ऐन २०६३, |

| | | | |
|---|---|---|---|
| | | | दलित आयोग ऐन २०७४,<br>अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४,<br>सामाजिक सुरक्षा ऐन २०७५,<br>अपाङ्गता भएका व्यक्ति को राष्ट्रिय नीति ,२०७८(मस्यौदा) |
| प्रदेश | समाजिक विकास मन्त्री | समाजिक विकास मन्त्रालय | लैंगिक समानता नीति २०७८<br>सामाजिक समावेशीकरण नीति २०७८<br>लैंगिक समानता कार्यक्रम निर्देशिका २०७९<br>बाल विवाह अन्त्य गर्ने रणनीति पत्र २०७९ |
| स्थानीय तह | सामाजिक कल्याण विकास विभाग | महिला तथा बालबालिका विकास शाखा | जेष्ठ नागरिक परिचय पत्र कार्यविधिहरु २०७५<br>अपांगता कार्यविधि २०७५<br>बाल संरक्षण निर्देशिक २०७५ (मस्यौदा)<br>गुनासो सुनुवाई कार्यविधि २०७५ (मस्यौदा)<br>जेष्ठ नागरिक मिलन केन्द्र २०७६ (मस्यौदा)<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ |
| वडा | वडा तहका कार्यालयहरु | NA | |

<u>तयार पार्ने :</u>

**गीता श्रेष्ठ**

**लैससास विज्ञ**

**मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**

प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुरी, झापा